# आफ्नो बिलमा मद्दत प्राप्त गर्ने

## Texas Health वित्तीय सहायता नीतिको सारांश

Texas Health Resources र तिनका सम्बद्घ संस्थाहरूले Texas Health वित्तीय सहायता नीतिअन्तर्गत वित्तीय सहायता प्रदान गर्छन् । यो Texas Health सँग सम्बद्ध अस्पताल वा अन्य समेटिएका संस्थाहरूबाट अस्पताल, अत्यावश्यक स्याहार वा चिकित्सक प्रदायक सेवाहरू प्राप्त गर्ने जोकोहीमा पनि लागू हुन्छ । वित्तीय सहायता नीति, वित्तीय सहायता आवेदन र सरल भाषामा संक्षिप्त जानकारी अंग्रेजी तथा स्पेनीका साथसाथै आवश्यक परेमा अन्य भाषाहरूमा पनि उपलब्ध छन् । Texas Health वित्तीय सहायता Texas Health वित्तीय सहायता नीतिको संलग्न कागजात C मा वर्णन गरिएअनुसार पूर्ण रूपमा नियन्त्रित करमुक्त अस्पताल तथा अन्य संस्था/सम्बद्ध संस्थाहरू प्राप्त बिलहरूमा लागू हुन्छ ।

## म वित्तीय सहायताका लागि कसरी योग्य हुन सक्छु ?

तपाईंले अस्पतालमा भर्ना भएर बसेको बेला वा बिल बनाउने प्रक्रियाको बेला कुनै पनि समय आफ्नो बिलको सम्बन्धमा मद्दत अनुरोध गर्न सक्नुहुन्छ । हामीले आय, सम्पत्ति वा अन्य स्रोतसाधनहरूको समीक्षा गरेर तपाईंले कति भुक्तानी गर्नुपर्छ भनेर निर्धारण गर्ने छौँ । तपाईंको वार्षिक आय अहिलेको संघीय गरिबीसम्बन्धी मार्गनिर्देशनहरूको 250% भन्दा कम वा बराबर छ भने तपाईंले केही वित्तीय सहायता प्राप्त गर्न सक्नुहुन्छ ।

संघीय गरीबीसम्बन्धी मार्गनिर्देशनहरू यहाँ प्राप्त गर्न सकिन्छ:

**http://aspe.hhs.gov/poverty/index.cfm.**

तपाईं आफ्नो अस्पताल, अत्यावश्यक स्याहार वा चिकित्सक/प्रदायकको बिलको सबै वा केही भागमा मद्दतका योग्य हुन सक्नुहुन्छ । यो मद्दत स्लाइडिङ स्केल (आय अनुसार भुक्तानी रकम समायोजन गर्ने मापन विधि) मा आधारित हुन्छ जसले तपाईंको वार्षिक आय, परिवारको आकार र उपलब्ध स्रोतसाधनहरूमाथि विचार गर्छ ।

## मैले वित्तीय सहायताका लागि कसरी आवेदन दिन सक्छु ?

वित्तीय सहायता आवेदन वा वित्तीय सहायता नीतिको नि:शुल्क प्रति प्राप्त गर्नका लागि यहाँ जानुहोस्:

**texashealth.org/Costs-and-Billing/Financial-Assistance**

यस वेबपेजमा हाम्रो MyChart पोर्टलमार्फत अनलाइन आवेदन दिनका लागि लिङ्क पनि छ ।

तपाईंले कुनै पनि Texas Health अस्पतालमा भर्ना भएको विभाग, Texas Health फिजिसियन क्लिनिकमा प्रत्यक्ष उपस्थित भएर वा सेन्ट्रल बिजनेस अफिस (अपोइन्टमेन्टद्वारा मात्र) मा गएर तपाईंले नि:शुल्क कागजी प्रतिहरू वा आवेदनमा मद्दत प्राप्त गर्न वा हुलाकबाट नि:शुल्क प्रतिहरू अनुरोध गर्न सक्नुहुन्छ । 800.890.6034 मा फोन गरेर हाम्रो ग्राहक सेवा विभागले अपोइन्टमेन्टको समय मिलाउनमा तपाईंलाई सहयोग गर्न वा वित्तीय सहायता नीति वा आवेदन प्रक्रियाका बारेमा कुनै पनि प्रश्नहरूमा मद्दत गर्न सक्छ ।

## कागजी कार्य

तपाईंका स्वास्थ्य लाभ, आय, सम्पत्ति र तपाईं योग्य हुने भनेर देखाउनमा मद्दत गर्ने अन्य कुनै कागजी कार्यका बारेमा जानकारी उपलब्ध गराउनका लागि तपाईं जिम्मेवार हुनुहुन्छ । कागजी कार्यमा बैंक विवरण, आयकर फाराम, चेकका अर्धकट्टीहरू वा अन्य जानकारी पर्न सक्छन् ।

## आकस्मिक र चिकित्सकीय रूपमा आवश्यक अस्पतालको स्याहार

यदि तपाईं आफ्नो बिलमा मद्दतका लागि योग्य हुनुहुन्छ भने तपाईंलाई आकस्मिक वा चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि कभरेज भएका मानिसहरूलाई सामान्यतया बिल लगाइने रकमभन्दा बढी हुनेगरी आकस्मिक वा चिकित्सकीय रूपमा स्याहारका लागि बढी शुल्क लगाइने छैन । सामान्यतया शुल्क लगाइने रकमहरू निर्धारण गर्नका लागि हामीले पछाडि फर्केर हेर्ने विधि प्रयोग गर्छौं (हामीले अघिल्लो वर्ष समेटिएका बिरामीहरू र तिनका कभरेज कम्पनीहरूद्वारा भुक्तानी गरिने रकमको तुलना गर्छौं) ।

## सङ्कलन कार्यहरू

डिस्चार्ज गरिएको मितिबाट 120 दिनसम्म भुक्तानी नगरिएका बिलहरूलाई बाहिरी सङ्कलन एजेन्सीलाई ट्रान्सफर गर्न सकिन्छ । तपाईं वा जमानीकर्ताले **800-890-6034** मा ग्राहक सेवालाई सम्पर्क गरेर सङ्कलन प्रक्रियाको कुनै पनि समय आफ्नो बिलको सम्बन्धमा मद्दतका लागि आवेदन दिन सक्नुहुन्छ ।

TEXAS INSTITUTE for SURGERY
At Texas Health Presbyterian Dallas

यो खण्ड अस्पतालका सेवाहरूसँग मात्र सम्बन्धित छ । Texas Health Resources (THR) सामान्यतया तेस्रो-पक्ष भुक्तानी स्रोतहरूबाट उपलब्ध रहेको प्राथमिकताका आधारमा स्वास्थ्य स्याहार वस्तु तथा सेवाहरूका लागि शुल्कको असुलीमा लाग्छ र भर्नाको समयमा बिरामीद्वारा उपलब्ध गराइएका लाभहरूको निर्धारणबमोजिम त्यसो गर्नका लागि हकदार हुन्छ । मोटर गाडीको दुर्घटना (MVA) द्वारा आवश्यक गराइएको चिकित्सकीय उपचारका लागि चोटपटक लगाउने पक्ष (वा यसको दायित्व वहन गर्ने बीमा कम्पनी) दुर्घटनाको पीडितका चिकित्सकीय बिलहरूको भुक्तानीका लागि प्राथमिक कानुनी जिम्मेवारी हुन्छ । तुलना गर्दा करारबाट उत्पन्न दायित्व वा प्राथमिकता परिवर्तन गर्ने कानुन नहुँदासम्म स्वास्थ्य कभरेज (व्यापारिक, रोजगारदाता प्रायोजित वा सरकारी योजनासहित) सामान्यतया सहायक हुन्छ । पारस्परिक सम्झौताद्वारा THR शुल्कहरूलाई बीमा कम्पनीसँग एकै समयमा समाधान गरिँदा THR को नीति भनेको THR विद्युतीय वित्तीय सहायता प्रणाली तथा केस फाइलहरू प्रयोग गर्नका लागि बिरामीको प्रतिनिधिलाई अनुमति दिनु हो । THR दाबीहरू संलग्न रहने असुलीहरूका लागि कुनै पनि साझा प्रयोजन नहुँदा यी प्रणाली तथा फाइलहरूमा पहुँच तथा तिनीहरूको प्रयोगको अनुमति हुँदैन । Texas Health Resources ले टेक्सासको कानुनले आवश्यक गराएअनुसार स्वास्थ्य बीमाको समयमै बिल लगाउने प्रावधानलाई पालना गर्ने छ तर दाबीहरूमा प्राथमिक भुक्तानीका लागि MVA बीमा कम्पनीको विरुद्धमा दाबीमा पूर्वाग्रह नराखी त्यसो गर्छ ।

Texas Health Physician Group चिकित्सक वा प्रदायकहरू नरहेका चिकित्सकीय कर्मचारीहरूमा रहेका चिकित्सकहरूले स्वतन्त्रतापूर्वक अभ्यास गर्छन् र उनीहरू Texas Health Hospitals वा Texas Health Resources का कर्मचारी वा एजेन्टहरू हुँदैनन् ।